# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या ९, मितिः २०८०/०६/०८

## भाग–१

### पशु सेवा कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७९
### (प्रथम संशोधन, २०८०)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# पशु सेवा कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७९
# (प्रथम संशोधन, २०८०)

**प्रस्तावना**

भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यन्वयन कार्यबिधि, २०७९ को परिच्छेद ५ अनुसार थपघट, हेरफेर वा खारेजी गर्न सक्ने व्यबस्था अनुरुप चालु आ. व. माथप गरिएका नयाँ कार्यक्रमहरुको कार्यन्वयन गर्न तथा पुराना कार्यक्रमहरु थप व्यवस्थित र प्रभावकारी बनाउन पशु सेवा कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७९ लाई प्रथम संशोधन गर्न बान्छनीय भएकोले ।

**संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम 'पशु सेवा कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७९ (प्रथम संशोधन, २०८०)' रहेको छ ।

२. यो कार्यविधि २०८० साल श्रावण १ गते देखि लागु हुनेछ ।

३. मूल कार्यविधिको परिच्छेद: ३ र परिच्छेद: ४ मा थप तथा संशोधन गरिएको छ ।

## मूल कार्यविधिको परिच्छेद ३ मा थप ।
## कार्य सञ्चालन प्रकृया

**दफा ३.२१ पश्चात ३.२१.१ थप गरिएको ।**

**३.२१.१ प्रति लिटर दुधमा रू. ३।– अनुदान दिनेः**

सहकारीहरुले कृषकलाई दुधको उचित मुल्य र गुणस्तरीय दुध संकलन गर्न प्रविधिक समस्या बाहेक हरेक दिन आफ्ना सदस्यहरुको मिल्क एनालाईजर (दुध जाच्ने यान्त्र) मार्फत दुध परिक्षण गरेको हुनुपर्ने छ । साथै, प्रस्ताव पेश गर्दाका वखतमा उक्त मेसिन नभएका सहकारीहरुले अनुदानको रकम भुक्तानि लिने वेला सम्म जडान गरि निरन्तर परिक्षण गर्ने गरेको हुनु पर्ने छ ।

**दफा ३.३७ पश्चात ३.३८, ३.३९, ३.४०, ३.४१ थप गरिएको ।**

## ३.३८ बाख्रामा नि:शुल्क कृत्रिम गर्भाधान कार्यक्रम

भरतपुर महानगरपालिका भित्रका बाख्रापालक किसानहरुलाई बाख्रा पालनमा आकर्षित बनाउनुका साथै उन्नत नश्लको बाख्रा तथा खसि बोका उत्पादन गरी मासु उत्पादन बृद्धिका साथै रोजगारी वढाउने उदेश्यले यो कार्यक्रम संचालन गर्न लागिएको हो । यो कार्यक्रम महानगरका (निजी/सरकारी) पशु सेवामा संलग्न कृत्रिम गर्भाधान कर्ता तथा प्रबिधिकबाट कृषकको घर गोठमा नै गई नि:शुल्क सेवा प्रदान गर्ने छन् । निशुल्क सेवा गर्ने प्रविधिकले शाखाबाट नेपाल सरकारले तोकेको राजस्वमा सिमेन खरिद गरी लानुपर्ने छ र कृषकको घर गोठमा नै गई बाख्राले भाले खोजेको समयमा कृ.ग. गर्ने उपयुक्त समय मिलाएर कृत्रिम गर्भाधान गरिने छ । कृत्रिम गर्भधान गरेपछि महानगरले उपलब्ध गराएको फारम पुर्ण रुपमा भरी सो फारममा तोकिएको ब्यक्ति संग प्रमाणित गराई प्रत्येकमहिनामा शाखाको सिफारिसमा महानगरमा पेश गर्नुपर्ने छ । महानगरले नियमानुसारको कर कट्टी गरी प्रति ऋतुचक्रमा कृ.ग. गरे वापत प्रति बाख्रा रु ४००/- सम्वन्धित प्रविधिकलाई उपलब्ध गराउने छ ।

## ३.३९ लागत साझेदारीमा मागमा आधारित पशुसेवा तथा मत्स्य प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भरतपुर महानगरपालिका भित्र दर्ता भई न्युनतम १ वर्ष अघिदेखि संचालनमा रहेका ब्यवसायी पशुपन्छी/मत्स्य फर्महरु तथा दुध/मासु मूल्य शृंखलामा कार्यरत संस्थाहरुले आफ्नो व्यवसाय सुधार तथा स्तरोन्नति गर्नका निमित्त आवस्यक पोखरी, खोर/गोठ निर्माण/मर्मत सुधार,जैविक सुरक्षा, यान्त्रिकरण लगाएतका औचित्यताको आधारमा प्रस्ताव पेश गर्न सक्ने छन् । यो कार्यक्रममा प्रस्तावनाहरूको प्रतिस्पर्धात्मक मूल्यांकन प्रकृयाबाट मेरिटका आधारमा लाभग्राहीहरूको छनौट गरिने छ । प्रविधिकबाट लागत स्टिमेट स्वकृति गराई कार्यक्रम संचालन गर्नुपर्ने छ । आवेदकले पेश गरेका प्रस्तावित परियोजना/कार्यक्रमको कुल लागत खर्चको स्वीकृति वार्षिक वजेटको परिधि भित्र रही आर्थिक विकास समितिको सिफारीसमा मुल्यांकन समितिले निर्धारण

गरे वमोजिम हुनेछ र उक्त कुल रकमको अधिकतम ५०% मात्र महानगरवाट वेहोरिनेछ। परियोजना लागत खर्च पेशगर्दा विशेष गरी पुँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु पेश गर्नुपर्ने छ साथै कुल रकमको २५% मात्र पशु वस्तु खरिद गर्न सकिने व्यवस्था रहेको छ। खरिद गरिने यन्त्र-उपकरण लगायतका सामग्रीहरूको हकमा खरिद प्रकृया प्रचलित कानुन अनुसार गरिने छ। अपूर्तिकर्ता छनौट भएपछी स्वीकृत दररेटको आधारमा लाभग्राहीले तिर्नुपर्ने सहकार्य वापतको रकम लाभग्राहीबाट संकलन गरिने छ। महानगरले छनौट भएका लाभग्राहीको योजना कार्यान्वयन गरेको अनुगमन गर्नु पर्नेछ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा पसल/व्यवसाय दर्ता गरेको प्रमाण पत्र । दर्ता भएको मितिले कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्नेछ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाणपत्र।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।
५. आवेदन दस्तुर वापत सम्बन्धित वडा कार्यालयमा राजश्व तिरेको सक्कल रसिद।
६. व्यवसाय भाडामा सञ्चालन गरेको भए घरधनीसँगको कम्तिमा पाँच वर्षको भाडा संझौताको प्रतिलिपी निजी भए जग्गाको लालपूर्जाको प्रतिलिपी।
७. कार्यक्रममा छनौट भएमा संझौता गर्ने समयमा संरचना निर्माण/मर्मत/संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान यान्त्र-उपकरण भएमा आपुर्तिकर्ताको नाम,उपकरणको नाम, क्षमता अनुमानित मुल्य पेश गर्नुपर्ने छ।
८. परियोजना/प्रस्तावित कार्यक्रमको अवधारणा पत्र।

*पुनश्चः मुल्यांकन समितिले कार्यविधिमा उल्लेखित मुल्यांकनका आधारको अलवा परियोजना/कार्यक्रमको प्रकृति अनुरुप थप मुल्यांकनका आधारहरु तय गरिनम्बर प्रदान गर्न सक्नेछ।*

## ३.४० लागत साझेदारीमा माछा पोखरी गोठ/खोरको जैविक सूरक्षा तथा पशु वस्तुको मल मुत्र व्यवस्थापन कार्यक्रम

यस कार्यक्रमबाट व्यवसायिक माछा,गाइभैंसी,भेडा/बाख्रा,बंगुरफार्म तथा ग्रामिण/ लोकल कुखुरा फार्म सञ्चालन गरिरेहका व्यवसायीहरूलाई व्यवसाय प्रवर्द्धन एवं जंगली जनावर,पंक्षीबाट हुने जोखिम न्यूनीकरण गर्न जैविक सूरक्षा तथा मलमुत्र व्यवस्थापन / गड्यौले/प्राङ्गारिक मल उत्पादन मुत्र वाट झोलमल आदि उत्पादनमा प्रयोग गर्नका लागि प्रति व्यवसायी अधिकतम रू. १,००,०००।– (एकलाख रूपैंयाँ) सम्म अनुदान सहयोग गरिने छ । यो कार्यक्रममा छनौट हुने व्यवसायिले महानगरपालिकाबाट उपलब्ध भए सरहको रकम आफ्नो तर्फबाट पनि लगानी गर्नु पर्नेछ । तपसिलका कागजात साथ अनुसूची-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा मेरिटका आधारमा लाभग्राहीको छनौट गरिने छ ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरूः**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता भएको प्रमाण पत्र ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्र ।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. पशु पालन फर्म भएमा पशु विमा गरेको प्रमाण ।
५. कार्यक्रममा छनौट भएमा संझौता गर्ने समयमा संरचना निर्माण/मर्मत/संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान पेश गर्नु पर्नेछ
६. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
७. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।

## ३.४१ महिला उद्यमि तथा बैदेशिक रोजगारबाट फर्केका लागि प्रोत्साहन कार्यक्रम

भरतपुर महानगरपालिकामा पशु सेवा सम्वन्धि ब्यवसाय दर्ता गरेका महिला तथा

बैदेशिक रोजगारीबाट फर्की आएर आफै सकृय भै आफ्नै नाममा फर्म/व्यवसाय दर्ता गरी पशुसेवा विकास कार्यक्रमसँग सम्वन्धित व्यवसायमा संलग्न रहेकाहरुलाई मागका आधारमा यो कार्यक्रम संचालन गरिने छ। यो कार्यक्रममा प्रस्तावनाहरूको प्रतिस्पर्धात्मक मूल्यांकन प्रकृयाबाट मेरिटका आधारमा लाभग्राहीहरूको छनौट गरिने छ । यस कार्यक्रम अन्तरगत प्रचलित नियमानुसार काम सम्पन्न गर्नु पर्ने छ र काम सम्पन्न पस्चात जम्मा खर्चको ५०% वा अधिकतम रु ५०,०००/०० उपलब्ध गराईने छ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरूः**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा पसल/व्यवसाय दर्ता गरेको प्रमाण पत्र । दर्ता भएको मितिले कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्नेछ ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाणपत्र ।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. बैदेशिक रोजगारिको हकमा बैदेशिक रोजगारमा गएको प्रमाण ।
५. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
६. आवेदन दस्तुर वापत सम्बन्धित वडा कार्यालयमा राजश्व तिरेको सक्कल रसिद ।
७. ब्यवसाय भाडामा सञ्चालन गरेको भए घरधनीसँगको कम्तिमा पाँच वर्षको भाडा संझौताको प्रतिलिपी निजी भए जग्गाको लालपूर्जाको प्रतिलिपी ।
८. कार्यक्रममा छनौट भएमा संझौता गर्ने समयमा संरचना निर्माण/मर्मत/संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान यान्त्र-उपकरण भएमा आपुर्ति कर्ताको नाम, उपकरणको नाम, क्षमता अनुमानित मुल्य पेश गर्नु पर्नेछ ।

## मूल कार्यविधिको परिच्छेद ४ मा संशोधन/थप
## आर्थिक प्रशासन सेवा

**दफा ३ को उपदफा क मा संशोधन गरिएको ।**

**३. खोप लगाउने प्राविधिकलाई पारिश्रमिकः**

क. पशु वस्तुलाई खोप लगाउने प्राविधिक (निजी/सरकारी) लाई प्रति ठूला पशु रू. १०।- र प्रति साना पशु रू. ५।–भन्ने व्यहोरा उल्लेख भएकोमा पशु वस्तुलाई खोप लगाउने प्राविधिक (निजी/सरकारी) लाई प्रति ठूला पशु रू. २०।- र प्रति साना पशु रू. १०।– उल्लेख गरी संशोधन गरिएको ।

**दफा ४ पश्चात ४.१ थप गरिएको ।**

**४.१ सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रम**

वडाहरुको समन्वय तथा विभिन्न संघ/संस्थाको सहकार्यमा वर्षमा एक पटक अभियानको रुपमा सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रम मार्फत दैनिक सरदर ३० वटा कुकुर वन्ध्याकरण गरी स्वीकृत खर्चको मापदण्डको परिधि भित्र रही कार्यक्रम संचालन गरी कार्यक्रम सम्पन्न पश्चात २ प्रति प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**दफा ४ को उपदफा 'क' मा संशोधन गरिएको ।**

१. प्रचार प्रसार, तुल/व्यानर, प्रतिवेदन खर्च आदिवापत रु.१०,०००/-

**दफा ८ मा संशोधन गरिएको ।**

**८. बाँझोपन निवारण घुम्ती घरदैलो शिविर (३ दिने)**

घुम्ती शिविर संचालनको लागि आवस्यक सम्पूर्ण क्रियाकलापहरु तपसिलमा उल्लेख भए बमोजिम १ लाख रुपयाँसम्म सम्पन्न गर्नु पर्नेछ पश्चात कम्तिमा १ दिनमा १० वटा फर्म/गोठ उपचार गरी सो सम्पुर्ण कार्यक्रमलाई समेटी महानगरबाट उपलब्ध गराईएको फर्मेट अनुसार २ प्रति कार्य सम्पन्न प्रतिवेदन तयार गरि पेश गर्नु पर्नेछ भन्ने व्यहोरा थप गरिएको ।

**मूल कार्यविधिको दफा ८ को उपदफा ८ मा संशोधन गरिएको।**

८.१ अन्य विविध खर्च (आवश्यकता अनुसार थप औषधि तथा प्रतिवेदन खर्च): रु. ३०००/-

**दफा ९ मा संशोधन गरिएको।**

**९. १ दिने पशु स्वास्थ्य शिबिर**

शिविर संचालनको लागि सम्पूर्ण क्रियाकलापहरु तपसिलमा उल्लेख भए बमोजिम १ लाख रुपयाँसम्ममा सम्पन्न गर्नुपर्नेछ। पश्चात १ दिनमा कम्तिमा १०० वटा पशुको उपचार गरी सो सम्पुर्ण कार्यक्रमलाई समेटी महानगरबाट उपलब्ध गराईएको फर्मेट अनुसार २ प्रति कार्य सम्पन्न प्रतिवेदन तयार गरि पेश गर्नु पर्नेछ भन्ने व्यहोरा थप गरिएको।

**मूल कार्यविधिको दफा ९ मा क्रियाकलापको महलमा क्र. स. १ को क पश्चात ख थप गरिएको।**

| क्र.सं. | क्रियाकलापहरु | लागत(रु.) |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्वन्धी प्रचारप्रसार<br>(ख) प्रतिवेदन खर्च | ५०००/- |

**दफा९पश्चातदफा १० थप गरिएको।**

**१०. हर्ड हेल्थ तथा फर्म रेकर्डिङ कार्यक्रम**

यस कार्यक्रममा भरतपुर महानगरपालिकामा दर्ता भई निरन्तर रुपमा संचालनमा रहेका पशुपालन तथा मत्य फर्महरुको स्वास्थ्य परीक्षण, व्यवस्थापन तथा फर्मको अवस्था बारे जानकारीका साथै रेकर्डिको काम गरिन्छ। यस कार्यक्रम रु. १०००००/०० वरावरको खर्चमा कम्तिमा दैनिक १० वटा फर्महरुमा ३ दिनसम्म संचालन गरिनेछ। र सो सम्पुर्ण कार्यक्रमलाई समेटी महानगरबाट उपलब्ध गराईएको फर्मेट अनुसार २ प्रति प्रतिवेदन तयार गरि पेश गर्नु पर्नेछ।

## खर्च विवरण / ३ दिनको कार्यक्रम

| क्र.सं | विवरण | ईकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार, तुल/व्यानर आदि | दिन | १ | १००० | १००० |
| २ | सामग्री, औषधि आदि | पटक | १ | ५४००० | ५४००० |
| ३ | बाह्य विज्ञ | संख्या | ३ | ३५०० | १०५०० |
| ४ | व्यवस्थापन टिमःअधिकृतस्तर | संख्या | ६ | २५०० | १५००० |
| ५ | व्यवस्थापन तथारेकर्डर टिमः सहायक स्तर | संख्या | ३ | १५०० | ४५०० |
| ६ | व्यवस्थापन टिमःसहयोगि | संख्या | ३ | १००० | ३००० |
| ७ | खाजा खर्च | संख्या | १६ | २५० | ४००० |
| ८ | गाडी/इन्धन खर्च | दिन | ३ | २००० | ६००० |
| ९ | प्रतिवेदनखर्च | पटक | १ | २००० | २००० |
| **जम्मा** | | | | | १००००० |

**दफा ३.३८ संग सम्वन्धित**

**अनुसूची: ७**

**भरतपुर महानगरपालिकाको कार्यालय**

**कृत्रिम गर्भाधानप्रगति फारम**

कृत्रिम गर्भाधानकर्ताको नाम........................................................ ठेगाना.................................... महिना.................

| सि.नं. | पशुधनीको नाम | वडा नं. | टोलको नाम | कृषकको फोन नं. | पशुको | | | उमेर / वेत | सिमेन नं | कृ.ग मिति | पटक | कृषकको सहि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | किसिम | जात | नामनं. | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

प्रमाणित गर्ने

शाखा/ सेवा केन्द्रप्रमुख

दस्तखत................

नाम................

कृत्रिम गर्भाधान कर्ता

दस्तखत.....................

नाम...............................

आज्ञाले

**नरेन्द्रकुमार राना**

प्रमुख प्रशासकीय अधिकृत